बैठक मितिः २०७८/२/१०

बैठक सङ्ख्या : २६

**छलफल तथा निर्णय**

१. शहरी विकास मन्त्रालयबाट १२ नगरपालिका/क्षेत्रहरू क्रमशः धनकुटा, गौरीगञ्ज, चन्द्रपुर, मौलापुर, काभ्रे उपत्यका, वालिङ्ग, लुम्बिनी, तुलसीपुर, दुल्लु, भीमदत्त, अमरगढी र भक्तपुर जिल्लाको गुन्डु बालकोट क्षेत्रलाई स्मार्ट शहरको रूपमा विकास गर्न रू. ११ अर्ब बराबरको बहुवर्षीय खरिद गुरूयोजना स्वीकृतिका लागि अनुरोध भइ आएकोमा स्रोतको व्यवस्थापन गरी कार्यान्वयनमा लैजान शहरी विकास मन्त्रालयलाई स्वीकृति दिने ।

२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट क्षयरोग कार्यक्रमको पञ्चवर्षीय क्षयरोग अन्त्यको राष्ट्रिय रणनीतिक योजना (२०७८-२०८२) को मस्यौदामा राष्ट्रिय योजना आयोगको राय/सुझाव माग भई आएकोमा महाशाखाबाट प्राप्त राय/सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।

३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट "स्वास्थ्य जनशक्ति सम्बन्धी राष्ट्रिय रणनीति २०७८-२०८७" को मस्यौदामा राष्ट्रिय योजना आयोगको राय/सुझावका लागि माग भई आएकोमा महाशाखाबाट प्राप्त राय/सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।